# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८ ] काठमाडौं, आषाढ ११ गते २०२५ साल [ संख्या ११

श्री ५ को सरकार

### यातायात, सञ्चार, जल तथा विद्युत् मन्त्रालय

श्री ५ को सरकारले जारी गरेको तल लेखिएबमोजिमको महेन्द्र राजमार्ग (झापा-जनकपुर) को निर्माण समिति (गठन) आदेश, २०२५ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### महेन्द्र राजमार्ग (झापा–जनकपुर) निर्माण विकास समिति (गठन) आदेश, २०२५

विकास समिति ऐन, २०१३ (संशोधनहरू सहित) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारिगरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो आदेशको नाम महेन्द्र राजमार्ग (झापा–जनकपुर) निर्माण समिति (गठन) आदेश, २०२५ रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. समितिको गठनः– (१) महेन्द्र राजमार्ग (झापा–जनकपुर) निर्माण समिति (यसपछि समिति भनिएको) नामको एउटा समिति गठन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९२२

(२) यस समितिमा देहायका सदस्यहरू रहने छन्:–

(क) श्री सचिव, या. सं. जल तथा विद्युत् मन्त्रालय — अध्यक्ष

(ख) श्री सह–सचिव, अर्थ मन्त्रालय — सदस्य

(ग) श्री सह–सचिव, आर्थिक योजना मन्त्रालय — सदस्य

(घ) श्री चीफ इन्जिनीयर सा. नि. वि. सडक शाखा — सदस्य सचिव

(३) श्री ५ को सरकारले आवश्यक र उचित देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्ने छ।

(४) समितिको बैठकमा भारतीय सहायता नियोगका डाइरेक्टर, मेम्बर (फाइनेन्स एकाउण्टस) र प्रोजेक्टका चीफ कन्स्ट्रक्शन इन्जिनीयरले सल्लाहकारको रूपमा भाग लिने छन् र समितिले आवश्यक देखेमा समितिको बैठकमा कुनै सम्बन्धित ब्यक्ति वा विशेषज्ञलाई सल्लाहकारको रूपमा भाग लिन आमन्त्रण गर्न सक्ने छ।

३. समितिको कोष:– समितिको कोषमा भारत सरकारबाट प्राप्त हुने भा. रू. २२ बाइस करोडको आर्थिक सहायताको रकम रहने छ।

४. समितिको काम कर्तव्य र अधिकार:– (१) यस समितिले महेन्द्र राजमार्ग (झापा–जनकपुर) को निर्माण कार्य सम्पन्न गर्नेछ।

(२) भारत सरकारबाट नियुक्त चीफ कन्स्ट्रक्शन इन्जिनीयर मार्फत तयार भएको प्रोजेक्टको बजेट यस समितिले स्वीकृत गर्ने छ र सो स्वीकृत गरिएअनुसारको बजेट रकम श्री ५ को सरकारको बजेटमा देखाइने छ।

(३) योजनाको लागि चाहिने रकमको भाग चीफ कन्स्ट्रक्शन इन्जिनीयरले वार्षिक अथवा त्रैमासिकको रूपमा समितिमा पेश गर्ने छ। समितिले सोही बमोजिमको रकम निकासाको लागि भारतीय सहयोग नियोगलाई अनुरोध गर्ने छ।

(४) उपदफा (१) बमोजिमको निर्माण कार्य सुसम्पन्न गर्न यस समितिले निम्नलिखित कार्यहरू गर्ने छ:–

(क) राजमार्ग निर्माण सम्बन्धी कार्य मितव्ययिता साथ सम्पन्न गराउने सो सम्बन्धी प्रशासकीय र आर्थिक नियम बनाउने,

(ख) सम्बन्धित विभिन्न कार्यहरूमा समन्वय ल्याई सुचारुरूपले निर्माण कार्य पूरा गर्न लगाउने,

(ग) निर्धारित नीतिको सफलतापूर्वक कार्यान्वयन भए नभएको रेखदेख गर्ने,

(घ) योजना कार्यान्वित गर्न आवश्यक मालसामान मगाउने वा खरिद गरी सो सामान काममा ल्याउने र टुटफुट भएको वा बिग्रेको मालसामान लिलाम बिक्री गर्न वा मिन्हा दिने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) योजना कार्यान्वित गर्न आवश्यक पर्न आएको जग्गा अधिग्रहण गरी मालपोतको लगत कट्टा गराउने र प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिने दिलाउने,

(च) योजना कार्यान्वित गर्ने घर तथा जमीन किन्ने र बहालमा लिने,

(छ) राजमार्ग निर्माण कार्य सफलतापूर्वक कार्यान्वित गर्न चाहिने दरबन्दी स्वीकृत गर्ने,

(ज) योजनाको कार्य प्रगतिको वार्षिक प्रतिवेदन प्रकाशित गर्ने,

(झ) साथै सो प्रतिवेदनमा गत वर्षहरूमा योजनानुसार गरे भएका कार्यहरूको तुलनात्मक मूल्यांकन गर्ने ।

५. समितिको हिसाब किताबः– समितिको हिसाबकिताब श्री ५ को सरकारले तोकेको ढाँचामा राखिने छ र प्रोजेक्टमा काम भएको खर्चको फाँटवारी चीफ कन्स्ट्रक्शन इन्जिनीयरले समितिमा प्रत्येक महीनामा पेश गर्नेछ ।

६. समितिसंगको ठेक्कापट्टाः– समितिको तर्फबाट गरिएको सबै ठेक्कापट्टा समितिले गरेको मानिने छ र त्यस्तो ठेक्कापट्टा सम्बन्धित सबै काम समितिको सचिव वा समितिले अधिकार दिएको समिति अन्तर्गतको कुनै अधिकारी वा इन्जिनीयरले गर्नेछ ।

७. लेखा परीक्षणः– श्री ५ को सरकारबाट तोकिएको लेखा परीक्षकले कम से कम सालको एक पटक समितिको हिसाबकिताब जाँच्ने छ र त्यसको प्रतिवेदन एक प्रति समिति र एक प्रति श्री ५ को सरकार छेउ पेश गर्नु पर्नेछ ।

८. समितिको निर्णय प्रमाणित गर्नेः– समितिको तर्फबाट गरिने सबै निर्णय, आदेश र अन्य सबै कामकारवाई समितिको सचिवको सहिछापद्वारा प्रमाणित गरिने छ ।

९. समितिको कार्यालयः– समितिको मुख्य कार्यालय काठमाडौंमा रहने छ ।

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।